**अनुसूची २**

(दफा ४ तथा अनुसूची-१को भाग-२ सँग सम्बन्धित)


बडीकेदार गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ संख्याः ६ मितिः २०८०/३/२५

**भाग-२**

**बडीकेदार गाउँपालिका**


# कृषि तथा पशुपन्छी बिकास कार्यक्रम संचालन तथा अनुदान कार्यविधि २०८०

**कार्यपालिकाबाट स्वीकृत मिति २०८०/३/२२**

**प्रस्तावनाः**

बडीकेदार गाँउपालिका, खड्यौलीडोटीको कार्यालय कृषि विकास तथा पशु सेवा शाखा मार्फत संचालन हुने कृषि विकास तथा पशु सेवाकार्यक्रमलाई व्यवस्थित र पारदर्शी एवं प्रभावकारी रुपमा संचालन गर्न नेपालको सँविधान २०७२ वमोजिम खाद्य सँप्रभुत्ताको हकको सँरक्षण राज्यले अंगिकार गरेको कृषि प्रणालिलाई आधुनिकिकरण र व्यावसायिकरण गदै कृषि उत्पादन र उत्पादकत्व बढाउन परम्परागत कृषि प्रणलिलाई आधुनिकरण र व्यावसायिकरण गर्दै प्रशोधन, भण्डारण र बजारीकारण गर्न कृषक, कृषि समुह र सहकारीलाई कृषि सेवा, सामाग्री, अनुदान तालिम, प्रविधिका साथै कृषि उपजको उचित मुल्य र बजार पहुंचको व्यवस्था ,तुलनात्मक लाभहरुको न्ययोचित वितरण र दिगो विकास गर्ने अवधारण अनुरुप कृषि क्षेत्रको विकास व्यवस्थापन र सुशासन सचालन गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्ने वाञ्छनिय भएकोले नेपालको सँविधान २०७२ को धारा २६६ बाट प्रत्याभुति हक अनुसार स्थानिय तह सरकार संचालनका लागि बनेको ऐन २०७६ को परिच्छेद १५ को दफा १०२ वमोजिम बडीकेदार गाँउपालिकाले कृषि विकास कार्यक्रम संचालन तथा अनुदान कार्यविधि २०८०तयार गरिएको छ ।

## परिच्छेद — १

## प्रारम्भिक

### १. सँक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम कृषि तथा पशुपंन्क्षी विकास कार्यक्रम संचालन तथा अनुदान कार्यविधि २०८० रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो कार्यविधि बडीकेदार गाँउपालिका भर लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) अनुदान भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयवाट उपलव्ध गराइने रकमलाइ सम्झनु पर्दछ ।

(ख) अनुदानग्राही भन्नाले यस कार्यविधि वमोजिम अनुदान प्राप्त गर्ने कृषक,कृषि फर्म,कृषक समुह,सहकारी संस्थालाइ सम्झनु पर्दछ ।

(ग) कम्पनी भन्नाले व्यवसाय गर्न चाहने व्यतिवा समुहले प्रचलित कम्पनी कानुन अनुरुप दर्ता भएका  स्थालाइ सम्झन पर्दछ ।

(घ) कार्यक्रम भन्नाले यस कार्यविधिको दफा ५ मा उल्लेखित भएका  क्रियाकलाप,कार्यक्रम लाइ सम्झनु पर्दछ ।

(ङ) कार्यालय भन्नाले बडीकेदार गाँउपालिका अन्तरगत कृषि विकास  तथा पशु सेवा शाखालाइ सम्झनु पर्दछ ।

(च) कृषक समुह भन्नाले कृषि पेशामा सँलग्न भई मिल्लाजूल्दा समस्या आवश्यकता र चाहनाहरु भएको न्युनतम १५ वा सो भन्दा बढि व्यक्तिहरु मिलेर सामुहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्धेश्यहरु प्राप्त गर्न स्थापन भइ आधिकारीक निकायमा दर्ता भएका संस्थालाइ सम्झनु पर्दछ ।

(छ) फर्म भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएका निजि क्षेत्रका व्यवसायी,उद्यमीको सस्थालाइ सम्झनु पर्छ ।

(ज) सहकारी भन्नाले प्रचलित कानुन वमोजिम दर्ता भएको कृषि सम्वन्धी कार्य गर्ने सस्थालाइ सम्झनु पर्दछ ।

**३. उद्धेश्यः** यस कार्यविधिको उद्धेश्य देहाय बमोजिम हुनेछ ।

(क) कृषि उत्पादन तथा उप्पादकत्व वृद्धि गरी खाद्य पोषण सुरक्षामा टेवा पुर्याउने ।

(ख) प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाइ व्यावसायिकरण गरि आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धि वनाउने ।

(ग) कृषि उपजको सरल र सुलभ बजार पँहुच बृद्धि गर्दै आयात प्रतिस्थापन गरी निर्यात प्रवर्धन गर्दै कृषकहरुको आय स्तरमा सुधार गर्ने ।

(घ)जलवायु मैत्री खेती प्रणालि मा जोडका साथै लाभग्राहिको क्षमताको मुल्याङ्कनको आधारमा अनुदानको दायरा नियन्त्रण रआर्थिक शुसासन कायम गर्ने

**४.सरोकारवाला निकायहरुः** यस कार्यक्रम संचालन गर्न विभिन्न सरोकारवालाहको देहाय वमोजिमको भुमिका हुनेछ ।

(क) कृषक,फर्म,कम्पनी,समुह,सहकारी,संस्था मार्फत एकल वा सँयुत्तरुपमा कार्यालयवाट कृषि विकास कार्यक्रम संचालन गरिनेछ ।

(ख) कार्यालयले कृषि तथा पशुपन्क्षी क्षेत्रको प्रविधि विस्तार तथा आय मुलक कार्यक्रम संचालन गर्नेछ।

(ग) गाँउपालिकाले कार्यमक्रम संचालनको लागि आवश्यक पर्ने विषयगत कार्यक्रम अनुसार कार्यालयहरुको समन्वयमा आवेदन तथा प्रस्तावहरुको मुल्याङ्कनका आधारहरुको ढाँचा तयार गरी सम्वन्धित शाखालाइ निर्देशन गर्ने र कार्यक्रम कार्यान्वयमा आइपरेका समस्या समाधान गर्न अनुगमन गरी पृष्ठपोषण गर्न सहयोग गर्नेछ ।

(घ) अनुदानग्राहीको आवश्यकता र कार्यालयको मापदण्डको आधारमा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न कृषि सम्वन्धी कार्य गर्न गैर सरकारी संस्थाले समन्वय र सहकार्य गर्नु पर्नेछ ।

**५.कृषि विकास तथा पशु सेवा कार्यक्रमहरुको विवरण कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा वजेट परिधि भित्र रहि देहाय वमोजिमका कार्यक्रम हुनेछन ।**

| क्र.स | कार्यक्रमको नाम | मापदण्ड | संचालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकमरु/ प्रतिशत |
|---|---|---|---|---|
| १. | सुन्तलाजात फलफुल पकेट विस्तार कार्यक्रम | कृषक समुह वा कृषि फर्म वा सहकारी संस्था हुनु पर्नेछ । विरुवा माग गर्दा जग्गाको लालपुर्जाको प्रतिलिपिल अनिवार्य पेश गर्नु पर्नेछ । विरुवा उत्पादनको वाली लगाउदा प्राविधिक दृष्टिकोणले वालीलाई उपयुतक्षेत्र तथा वाली अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने । कम्तिमा १० रोपनी क्षेत्रफल हुनुपर्ने छ । सुचना भए पश्चात आवश्यक परिमाणको विरुवा कृषि शाखामा माग गर्नु पर्नेछ । | -विरुवा खरिद तथा ढुवानीमा अनुदान ।<br>-सुन्तलाजात फलफुल पकेटखेतीमा आवश्यककृषि सामाग्री खरिद तथा अनुदान ।<br>-अनुगमन । | सुन्तलाजात फलफुल पकेट तथा बगैंचा स्थापानाका लागि ल्याइने विरुवामा५०-१०० प्रतिशत अनुदान, कृषि सामाग्रीमा ५०-१०० प्रतिशत अनुदान, र ढुवानीमा १०० प्रतिशत अनुदान गर्न सकिनेछ । |
| २. | आलु पकेट क्षेत्र विस्तार कार्यक्रम | कृषक समुह वा कृषि फर्म वा सहकारी संस्था हुनु पर्नेछ । विउ माग गर्दा कार्यक्रमको लागि आवश्यक कागजात र जग्गाको लालपुर्जाको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ । विरुवा उत्पादनको वाली लगाउदा प्राविधिक दृष्टिकोनले बालीलाई उपयुतक्षेत्र तथा वाली अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने । कम्तिमा १ रोपनी क्षेत्रफल हुनुपर्ने छ। सुचना भए पश्चात आवश्यक परिमाणको विउ कृषि शाखामा माग गर्नु पर्नेछ । | -विउ खरिद तथा ढुवानीमा अनुदान ।<br>-आलु खेतीमा आवश्यक कृषि सामाग्री खरिद तथा अनुदान । | आलु उत्पादनको लागि ल्याइने विउको मुल्यमा ५०-८० प्रतिशत अनुदान, कृषि सामाग्रीमा ५०-१०० प्रतिशत अनुदान, र ढुवानीमा १०० प्रतिशत अनुदान गर्न सकिनेछ । |
| ३. | तेलहन बाली खेती विस्तार कार्यक्रम | कृषक समुह वा कृषि फर्म वा सहकारी संस्था हुनु पर्नेछ । विउ माग गर्दा आवश्यक कागजात र जग्गाको लालपुजाएको प्रतिलिपिल अनिवार्य पेश गर्नु पर्नेछ । विरुवा उत्पादनको वाली लगाउदा प्राविधिक दृष्टिकोणले उपयुक्त क्षेत्र तथा वाली अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने । कम्तिमा १ रोपनी क्षेत्रफल | -विउ खरिद तथा ढुवानीमा अनुदान ।<br>-आलु खेतीमा आवशेक कृषि सामाग्री खरिद तथा अनुदान ।<br>-अनुगमन । | तेलहन बाली उत्पादनको लागि ल्याइने विउमा मुल्यमा ५०-८० प्रतिशत अनुदान, कृषि सामाग्रीमा ५०-१०० प्रतिशत अनुदान, र ढुवानीमा १०० प्रतिशत अनुदान गर्न सकिनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | हुनुपर्ने छ । सुचना भए पश्चात आवश्यक परिमाणको विउ कृषि शाखामा माग गर्नु पर्नेछ । | | | |
| ४. | विषाधी खरिद कार्यक्रम | लाभानवित बडीकेदार गाउँपालिकाका कृषकहरु हुनु पर्ने छ । | खरिद तथा बितरण । | बितरन गरिने विषाधीमा १०० प्रतिशत अनुदान दिन सकिनेछ । | |
| ५. | च्याउ तथा माहुरी विकास कार्यक्रम ५० प्रतिशत अनुदान | कृषक समुह वा कृषि फर्म, सहकारी सस्था हुनु पर्नेछ प्राविधिक दृष्टिकोले उपयुतक्षेत्र तथा चरणको को पर्याप्तता कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने सुचना भए पस्चात आवश्यक कागजात सहित आवश्यक परिमाणको लागि निवेदन तथा प्रस्तावना पेस गर्नु पर्नेछ । | उत्पादनमा प्रयोग हुने उन्नत विउ र ढुवानीमा अनुदान | मौरी घार तथा औजार उपकरण ,उत्पादन सामाग्री च्याउ विउको मुल्यमा ५० प्रतिशत अनुदान र ढुवानीमा १०० प्रतिशत अनुदान गर्न सरिकनेछ । | |
| ६. | फलफुल तथा तरकारी प्रवर्द्धन कार्यक्रम | कृषक समुह वा कृषि सहकारी संस्था हुनु पर्नेछ फलफुलका विरुवा लगाउदा प्राविधिक दृष्टिकोले उपयुतक्षेत्र तथा बाली अनुसार कायम हुन सक्ने भौगोलिक अवस्था हुनुपर्ने । सुचना प्रकाशित पश्चात आवश्यक कागजात सहित निवेदन प्रस्तावना पेशगर्नु पर्नेछ । | फलफुल विरुवा खरिद ,दुवानीमा अनुदान । | फलफुलका विरुवा मुल्यमा ५०-१०० प्रतिशत अनुदान र दुवानीमा १०० प्रतिशत अनुदान प्रदान गर्न सकिने | |
| ७. | वेमौसमी तरकारी खेति तथा नविनतम कृषि प्रविधि कार्यक्रम अनुदान कार्यक्रम | कृषक, कृषक समुह वा कृषि सहकारी संस्था हुनु पर्नेछ । सूचना प्रकाशित पश्चात आवश्यक कागजात सहित निवेदन प्रस्तावना कृषि शाखामा आवेदन पेश गर्नु पर्नेछ । | आवश्यक प्रबिधि तथा सामाग्रि खरिद तथा दुवानी ।<br>तालिम तथा प्रबिधि बिस्तार | ५०देखि ८५ प्रतिशत अनुदानमा प्लास्टीक टनेल, गुमोज थोपा सिँचाइ तथा प्लास्टीक मल्चिङसिट तथा अन्य सामाग्रि उपलव्धगराउन सकिनेछ | |
| ८. | साना सिँचाइ तथा मर्मत सम्भार कार्यक्रम | कृषक, कृषक समुह वा कृषि सहकारी संस्था हुनु पर्नेछ ।प्रचलित कानुन वमोजिम सूचना प्रकाशन भन्दा अगाडी दर्ता भएका कृषक, कृषक समुह वा कृषि सहकारी सस्था वा निजि फर्म सिँचाइ कार्यक्रमवाट कम्तिमा १० रोपनि क्षेत्रफल सिंचित हुनुपर्नेछ । | थोपा सिँचाइ, लिफ्ट सिँचाइ, नहर तथा सिँचाइ कुलो मर्मत सँभार वर्षातिको पानि सँकलनमा सिचाइ प्रणली प्लास्टीक पोखरी लगाएत वहुउपयोगी सिचाइ प्रणली आदि । | सिँचाइ आयोजना निमार्णको लागि खर्च हुने कुल रकममा ८५ प्रतिशत वा अधिकतम रु ५०,०००० मध्ये जुन कम आउछ सो रकम अनुदान दिन सकिनेछ । | |
| ९. | कृषि आधुनिकिकरणका लागि मेशिनरी उपकरण सहयोग सहयोग कार्यक्रम | कृषक, कृषक समुह वा कृषि फर्म वा सहकारी सस्था हुनु पर्नेछ। कृषि औजार उपकारणको लागि सुचनाप्रकाशित भए पश्चात आवश्यक काजजात सहित कृषि शाखामा आवेदन पेश गर्नु पर्नेछ। कम्तिमा ५ रोपनी क्षेत्रफलमा व्यावसयिक खेति | कृषि औजार उपकरण खरिद तथा वितरण । | ५०देखि८५प्रतिशत अनुदानमा कृषि औजार उपकरण उपलव्ध गराउन सकिनेछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | गरेको हुनुर्पेछ । | | |
| १०. | कृषि मेला महोत्सव तथा अन्य दिवस सञ्चालन कार्यक्रम | कृषक, कृषक समुह वा कृषि सहकारी संस्था र कृषि फर्म हरु समावेश हुन सक्नेछन । | स्टल, वुकिङ खर्च श्रव्यदृष्यि तथा प्रचार प्रसार सञ्चालन पुरस्कार, प्रमाण पत्र,चिया, खाजा र अन्य व्यवस्थापन खर्च । | पुरस्कृत गर्दा बढिमा ६ वटा विधामा गर्न सकिने छ। पुरस्कार खर्च प्रथम — ५०००।द्धितिय ३०००। तृतिय २०००। र सान्त्वना १०००। सहित प्रमाण पत्र वितरण तथा सम्मान गरिनेछ । |
| ११. | माटो सुधार तथा दिगो व्यवस्थापन | माटो परिक्षण शिविर संचालन ३ दिनको हुनेछ कम्तीमा १०० वटा नमुना परिक्षण गर्न सकिनेछ माटो शिविर परिक्षण संचालन गर्नका लागि ५० देखि १०० वटा माटोको नमुना सँकलन भएको वा हुने स्थान छनौट गरिनेछ । | माटो परिक्षण शिविर संचालन गर्न आवश्यक रसायन उपकरण र प्राविधिक सेवा उपलव्ध गराउनु पर्ने छ। माटो सुधारका लागि कृषि चुन तथा शुक्ष्म तत्वहरु व्यवस्थापन गर्न सकिनेछ । | माटोको नमुना परिक्षण निशुल्क गरिनेछ। माटो सुधारका लागि कृषि चुन र शुक्ष्म तत्व ५०-१०० प्रतिशत अनुदानमा उपलव्ध गराइने छ । |
| १२. | उत्कृष्ट कृषकलाई अध्यक्ष, उपाध्यक्ष पुरस्कार कार्यक्रम | कृषक, कृषक समुह वा कृषि सहकारी संस्था र कृषि फर्म हरु समावेश हुन सक्नेछन । | स्टल, तथा उत्कृष्ट कृषकलाई पुरस्कार तथा प्रमाण पत्र बितरण, चिया, खाजा र अन्य व्यवस्थापन खर्च । | पुरस्कृत गर्दा बढिमा ६ वटा विधामा गर्न सकिने छ। पुरस्कार खर्च प्रथम — २,०००००।द्धितिय १,०००००। तृतिय ५०,०००। सहित प्रमाण पत्र वितरण तथा सम्मान गरिनेछ । कार्यक्रमको ब्यय भारको अवस्था अनुसार हुने छ । |
| १३. | साना नमुना व्यवसायिक कृषि फर्म स्थापना तथा सञ्चालन कार्यक्रम | प्रचलित कानुन वमोजिम सुचना प्रकाशन भन्दा अगाडी दर्ता भएका फर्म हरुले आवेदन दिन सक्नेछन ।आवेदन दिएका मध्य एक वडा एक कृषि फर्म छनौट गरिनेछ। वाली वस्तुलाइ प्रथामिकता लिइ सञ्चालन गरिनु पर्ने ( आलु खेति, तरकारी खेति,अदुवा,वेशार फलफुल खेति ,कागति , मकै , धान, गउँ कोदो) अन्य प्राथमिकता मा पर्न सक्ने बालि कम्तिमा ५ रोपनि क्षेत्रफल मा हुनु पर्नेछ । | कार्यक्रम सम्वोधन गर्ने क्षेत्रमा कृषि वस्तु उत्पादन, सिँचाइ प्रशोधन तथा वजारीकरण। | प्रति स्वीकृत प्रस्ताव ५०-८५प्रतिशतअनुदान उपलप्ध गराउन सकिने छ ।। |

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | रैथानेबाली प्रवर्द्धन कार्यक्रम | कृषक समुह वा कृषि फर्म, सहकारी सस्था हुनु पर्नेछ। सुचना भए पश्चात आवश्यक कागजात सहित प्रस्तावना, निवेदन कृषि शाखामा पेश गर्नु पर्नेछ । | -प्रस्वधनमा अनुदान । -सुपो, थ्रेसर, हातेपङ्खा, तेलबनाउनेमिल सामाग्रीहरु खरिद तथा अनुदान । -अनुगमन । | कृषि सामाग्रीमा ५०-८५ प्रतिशत अनुदान, र ढुवानीमा १०० प्रतिशत अनुदान गर्न सकिनेछ । | |
| १५. | पशुपन्छी गोठ खोर सुधार तथा माछापालन कार्यक्रम | कृषक समुह वा कृषि फर्म, सहकारी सस्था हुनु पर्नेछ। सुचना भए पश्चात आवश्यक कागजात सहित प्रस्तावना, निवेदन पशुसेवा शाखामा पेश गर्नु पर्नेछ । | बाख्रा,कुखुरा,गाई,भैसी र माछापोखरी निर्माण तथा माछापालन कार्यक्रम | ५०-१००% लागत साझेदारीमा संचालन गर्न सकिनेछ । | |
| १६. | पशुपन्छि औषधि उपचार तथा शिबिर सञ्चालन | कृषक समुह वा कृषि फर्म, सहकारी सस्था हुनु पर्नेछ । माहामारि जन्य र अन्य रोगको प्रकोप भएमा | आवश्यक औषधि तथा सामाग्रि खरिद,शिबिर सञ्चालन | पशुपन्छीको निशुल्क उपचार तथा १०० प्रतिसत अनुदान सहयोग | |
| १७. | आयमुलक अध्यक्ष ,उपाध्यक्ष,वडा अध्यक्ष अनुदान सहयोग तथा घुम्ति शिबिर कार्यक्रम | यस गा.पा क्षेत्र भित्र का कृषक, कृषक समुह, फर्म, कम्मनी, सहकारी तथा गरिब बिपन्न ,सिमान्तकृत समुदाय को हुनु पर्ने छ | आबश्यक सामाग्रि, बस्तु आयमुलक कार्य तथा जिबिको पार्जनका लागि तालिम र रकम अनुदान सहयोग | ५० प्रतिसत देखि १०० प्रतिशत सम्म अनुदान सहयोग गर्न सकिने छ । | |
| १८ | उपाध्यक्षसँग कृषि तथा पशुपंन्क्षी घुम्ती कोष कार्यक्रम | कृषक समुह वा कृषि फर्म, सहकारी सस्था हुनु पर्नेछ। सुचना भए पश्चात आवश्यक कागजात सहित प्रस्तावना, निवेदन कृषि विकास शाखामा पेश गर्नु पर्नेछ । | आबश्यक सामाग्रि, बस्तु आयमुलक कार्य तथा जिबिको पार्जनका लागि तालिम र रकम अनुदान सहयोग। | एक कृषक समुहलाई बढी मा एक लाख सम्म अनुदान दिइनेछ । | |

## परिच्छेद —२

## कार्यक्रम संचालन प्रक्रिया

६. अनुसुचि १ को ढाचा १५ दिनको सुचना प्रकाशन गरी कृषक, कृषि फर्म समुह, सहकारी कम्पनीहरु सँग प्रस्ताव माग गर्नेछ ।

७. आवेदन पेशः सुचनामा तोकिए वमोजिम कागजात सहित दफा ५ मा उल्लेखित कार्यक्रम मापदण्ड पुगेका इच्छुक आवेदकले अनुसुचि २ को निवेदनको ढाचा सहिच कृषि विकास शाखामा आवेदन पेश गर्नुपर्नेछ ।

८.यस गाउँपालिका भित्र रहेका अति बिपन्न ,गरिब , दलित ,जनजाति ,एकल महिला ,असाह्य , को हक मा कार्यपालिका तथा बिषेश समितिको निर्णय बाट अनुदान तथा कृषि सामाग्रि पुर्ण रुपमा अनुदान दिन सकिने छ ।

९.कृषि तथा पशुपन्छी ब्यबसायि फर्म, दर्ता गर्दा फलफुल ,तरकारि, मसला बालि,को हक मा न्यूनतम ,२,५,रोपनिमा खेति

गरिएको हुनु पर्ने छ । भने पशुपन्छीको हकमा कुखुरा स्थानीय १०० वटा ब्रोइलर २०० वटा बाख्रा ५० वटा गाइ ५वटा माउ भैंसी ५वटा माउ बंगुर  ५ वटा माउ माछा २ वटा पोखरिमा पालन गर्दै आएको हुनु पर्ने छ ।

१०. प्रारम्भिक छनौट तथा सिफारिस दफा ७ वमोजिम प्राप्त आवेदन उपर बडीकेदार गाँउपालिका कार्यालयको अनुगमन समितिको संयोजक सम्वन्धित वडा अध्यक्षको समन्वयमा तथा आर्थिक विकास समितिका सदस्यहरु र कृषि शाखाका प्रमुख प्राविधिक हरुको स्थलगत अनुगमन गरी छनौट गरिनेछ ।

सम्झौता प्रक्रियाः

(११) छनौट भएका अनुदान ग्राही र कार्यालय विच स्विकृत कार्ययोजना वमोजिम शर्तहरुमा सम्झौता गरिनेछ ।

(१२) कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समय अवधि भित्र सम्पन्न गर्नु पर्नेछ

## परिच्छेद —३

## भुक्तानी प्रक्रियाः

(१३) कार्यक्रम संचालनको लागि रकम उपलव्ध गराइने छैन कार्य प्रगति कार्य सम्पन्नताको आधारमा कार्यालयवाट रकम भुक्तानी हुनेछ ।

(१४) कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय वमोजिमको प्रक्रिया पुरा गरे पछि मात्र भुक्तानी गर्नेछ ।

(क) सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात खर्च भएको विल भरपाइको सक्कल कागजात सहित समयावधि भित्र पेश गर्नुपर्नेछ ।

(ख) सम्पन्न गरिएको क्रियाकलापको फोटो समावेश गर्न पर्नेछ ।

(ग) सम्वन्धित अनुदान ग्राहिले संचालन गरेका व्यवसायको उत्पादन वजारिकारण तथा आम्दानी सहितको प्रगिति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(घ) सम्विन्धित वडा कार्यालयको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समावेश गर्नु पर्नेछ ।

(ङ) सार्वजनिक सुनुवाइ गरेको माइन्युनटको प्रतिलिपि सँलग्न हुनुपर्नेछ ।

(च) कुल लागतमा ३ लाख अनुदान सम्म वा सो भन्दा वढिको कार्यक्रमको सम्वन्धित स्थलमा कार्यक्रमको विवरण स्पस्ट देखिने गरी होर्डिङ्वोर्ड,सुचना पार्टि राखेको हुनुपर्नेछ ।

(३) कार्यक्रम रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर र पुजिगत निमार्ण कार्यक्रम हकमा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टा गरिनेछ । उक्तरकम प्रचलित कानुन वमोजिम खर्च गर्न सकिने

## परिच्छेद —४

## कार्यक्रम सुपरिवेक्षण अनुगमन,प्रतिवेदन र समन्वय व्यवस्थाः

१५. सुपरिवेक्षक तथा अनुगमनः आवश्यक अनुसार गाँउपालिका प्रमुख,उपप्रमुख प्रमुख प्रशासकिय अधिकृत सम्वन्धित वडा कार्यालय कृषि विकास शाखा र आर्थिक विकास समितिवाट कार्यक्रम सुपरिवेक्षण तथा अनुगमन गरी राय सुझाव र सरसल्लाह दिइनेछ ।

१६. प्रतिवेदनः सँचालित कार्यक्रमको प्रगति विवरण मासिक चौमासिक र वार्षिक रुपमा सवन्धित अनुदान ग्राहीले कृषि

विकास शाखा समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद –५

१७. कार्वाहीको व्यवस्थाः सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामग्रि वा रकमको दुरुपयोग गर्ने अनुदानग्राही सँग प्रचलित कानुन वमोजिम असुल उपर गरिनेछ ।

१८. बाधा अड्चन निरुपण र सशोधन गर्नु परेमा बडीकेदार गाँउपालिका कार्यालयको वैठक वाट सँशोधन गर्न सकिनेछ ।

## अनुसुचि १

(दफ ६ सँग सम्वन्धी)

सुचनाको ढाँचा

प्रथम पटक सुचनाको प्रकाशन मिति

...............................................

कृषि विकास कार्यक्रम संचालन तथा अनुदान कार्यविधि २०८० अनुसारको बडीकेदार गाँउपालिका कृषि विकास शाखाको आ.व ...............को ............................कार्यक्रम अन्तरगत .................................कार्यक्रममा सहभागि हुन इच्छुक बडीकेदार गाँउपालिका का कृषक समुह वा कृषि सहकारी सस्था र कृषि फर्म कम्पनीहरुले अधिकतम अनुदान रकम सिमा ...................... ननाघ्ने गरी यो सुचना प्रकाशन भएको मितिले ......................दिन भित्र तपशिलमा उल्लेखित कागजातहरु सलग्न गरी कृषि विकास शाखामा आवेदन पेश गर्नु हुन सम्वन्धि सवैका लागि यो सुचना प्रकाशन गरिएको छ । प्रस्तावना साथै पेश गर्नु पर्ने निवेदनको ढाचामा सँलग्न गर्नु पर्ने कागजात मापदण्ड यस कार्यालयको सुचना पाटि वेभसाइड ..........................वाट अथवा कृषि विकास शाखा वाट प्राप्त गर्न सकिने छ ।

**प्रस्तावना साथ सलग्न गर्नुपर्ने काजजातहरुः**

१. प्रस्तावको सँलग्न निवेदन

२. कृषक समुह वा कृषि सहकारी सस्था र कृषि फर्म कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि

३. स्थानीय लेखा नम्वर प्रमाण पत्र पत्रको प्रतिलिपि

४. गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

५. कार्यक्रम संचालनको लागि कार्ययोजना सहितको प्रस्ताव

६. सम्वन्धीत वडा कार्यालयको सिफारिस पत्र

७. प्रस्तवकले कार्यक्रमको लागि प्रस्ताव स्विकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि

९. निमार्ण गरिने पुर्वाधारको हकमा लागत अनुमान तथा नक्सा

१०. कार्यक्रम संचालनको लागि जग्गा धनि दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिइ कार्यक्रम संचालन गर्नेको लागि कम्तिमा ५ वर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

निवेदक :

हस्ताक्षरः

नामः

**अनुसुचि२**

दफा६सँगसम्वन्धीत

निवेदनकोढाँचा

मितिः

श्रीप्रमुख प्रशासकीय अधिकृतज्यू,

बडीकेदारगाँउपालिका,

खड्यौली, डोटी

विषयः ..........................कार्यक्रममासहभागीहुनप्रस्तावपेशगरेकोवारे।

प्रस्तुतविषयमातहाँकार्यालयबाटमिति ................मापकाशितगरिएकोसुचनाअनुसार ..................................... कार्यक्रममासहभागिहुनेयोग्यतापुगेकोलेकार्यक्रमकोमापदण्डभित्ररहीकार्यालयलेउल्लेखगरेकोशर्तहरुकोअधिनमारहिकार्यक्रमसंचालनगर्ननिम्नबमोजिमकाकागजातहरुयसैपत्रसाथसलग्नगरीयोप्रस्तावपेशगरेकाछौ\छु।

**सँलग्नकागजातहरु;**

१प्रस्तावकोसँलग्ननिवेदन।

२कृषकसमुहवाकृषिसहकारीसस्थारकृषिफर्मकम्पनीहरुलेनियमानुसारदर्ताभएकोप्रमाणपत्रकोप्रतिलिपि।

३स्थायीलेखानम्वरप्रमाणपत्रपत्रकोप्रतिलिपि।

४गतआर्थिकवर्षकोकरचुक्ताप्रमाणपत्रकोप्रतिलिपि।

५कार्यक्रमसंचालनकोलागिकार्ययोजनासहितकोप्रस्ताव।

६प्रस्तवकलेकार्यक्रमकोलागिप्रस्तावस्विकृतगरीअनुदानमागगर्नगरिएकोनिर्णयकोप्रतिलिपि।

७प्रस्तावपेशगर्नेकोनागरिकताकोप्रतिलिपि।

८निमार्णगरिनेपुर्वाधारकोहकमालागतअनुमानतथानक्सा।

९कार्यक्रमसंचालनकोलागिजग्गाधनिदर्ताप्रमाणपुर्जाकोप्रतिलिपिवाजग्गाभाडामालिइकार्यक्रमसंचालनगर्नेकोलागिकम्तिमा५वर्षकोकरारगरिएकोसम्झौतापत्रकोप्रतिलिपि।

१०अनुदानग्राहीलेसोहिप्रकृतिकोकार्यक्रममाविगतदुइवर्षभित्रअनुदानरकमएकलाखवासोभन्दाबढिनपाएकोस्वधोषणपत्रपेशगर्नुपर्ने।

११सम्वन्धितवडाकार्यालयकोसिफारिसपत्र।

निवेदक

हस्ताक्षर

नाम

ठेगाना

## अनुसुचि २

### कार्यक्रमको सँक्षिप्त व्यावसायिक कार्ययोजना ढाँचा

कार्यक्रमको नामः जिल्लाः

गाँउपालिकाः वडानः टोल:

मोवाइल न.

फर्मकोनाम: सँचालकको नाम:

१व्यवसायको परिचय:

२उदेश्य:

३कृषि व्यवसायको अनुभव:

४व्यवसाय संचालनका लागि रहेको पुर्वाधारहरु:

५व्यवसाय संचालनका लागि रहेको सँक्षिप्त विवरण:

७सहकार्यमा संचालन गरिने प्रस्ताविक विवरण:

| क्रस | संचालन गरिने क्रियाकलाप | अनुदान रु | सँस्थाको लगानि रु | अन्य निकायबाट हुने अनुदान रु | जम्मालगानी रु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

८संचालनहुनेकार्यक्रमकोवातावरणउपयुक्तता –प्रभावपार्नेवानपार्ने

९उत्पादितवस्तुकोवजारयोजना:

कार्ययोजनापेशगर्ने:

फर्म ÷ फमकोनाम:

ठेगानाःजिल्ला …………..गाँउपालिका ……………….. वाडन…….......टोल………….............

फर्मसंचालनगरिनेस्थान:

फर्मकृषककोतर्फबाटसहिगर्नेको:

नाम:

हस्ताक्षर:पद:मिति:

**प्रस्ताव मूल्याङनका आधारहरुः**

१ जिल्लाः

२ आवेदक सस्थाको नामः

३ कार्यक्रम संचालन स्थलको ठेगानाः

४ प्रस्तावित कार्यक्रमको नामः

५ मूल्याङनका आधारहरुः

| क्र.स. | विवरण | भार | प्राप्त | कैफिएत |
|---|---|---|---|---|
| १ | कार्यक्रमकार्यान्वियनस्थलकोभौतिकपुर्वाधारकोअवस्था | ५ | | |
| २ | व्यवसायसम्बन्धिअनुभव | ५ | | |
| ३ | ३ वर्ष भन्दा कम | ३ | | |
| ४ | ३-५ वर्ष सम्म | ४ | | |
| ५ | ५ वर्ष भन्दा माथी | ५ | | |
| ६ | कागजपत्र | ५ | | |
| ७ | बजारीकरण स्पष्ट भएको | ५ | | |
| ५ | खेतवारीको व्यवस्थापन | ५ | | |
| | **जम्मा** | **२५** | | |

६.स्थलगतअनुगमनमाभेटिएकाअन्यथपविवरणहरु

क)

ख)

७.स्थलगतअनुगमनटोलीकोराय:

| क्र.स | पद | राय दिनेको नाम | राय दिनेको नाम | कारण | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

## अनुसुचि५

## सम्झौता पत्र

आर्थिक वर्ष ..........................मा संचालन हुने ...................................कार्यक्रमको लागि बडीकेदार गाउँपालिका (यस पछि प्रथम पक्ष भनिने) र छनौट भएका कृषक समुह, कृषि फर्म,कृषि सहकारी र कृषक ....................... (पछि दोस्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम संचालन गर्न सम्भाmैता भएको छ ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षले लागत साझेदारीमा ..................................कार्यक्रमको लागि कुल लागत ................मध्ये अनुदान वापत रु ..................दोस्रे पक्षलाइ ..............अक्षरुपी रुपैया .......................................) अनुदान सामाग्री सहयोग प्रदान गर्नेछ ।

२. दोस्रो पक्षले बाकी रकमको व्यवस्था गरी ............. बडीकेदार गाँउपालिका वाड ....मा ..........साल ............महिना भित्र संम्पन्न गर्नेछ ।

३ दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाइन र ईष्टिमेट अनुसारको सम्पुर्ण कार्यक्रमहरु उच्च गुणस्तर कायम राखी संपन्न गर्नेछन् ।

४ कार्यक्रम संचालनका लागि आवश्यक निमार्ण सम्वन्धी डिजाइन,ईष्टिमेट,सुपरभिजन,अन्तिम बिल र कार्यक्रम सम्पन्न लगायतका सबै प्राविधिक कार्यहरु तथा निमार्ण खरिद, दुवानी संचालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।

५ दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लागानिबाट सम्पन्न भएको कामको नियमनुसारको भ्याट बाल दाखिल प्रतिवेदन कार्यसंपन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहि सहित भुतmानीको लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनाशिव ठहरे दोस्रो पक्षको बैकँ खातामा भुतmानी दिनेछ ।

६ प्रथम पक्षले कुनैपनि वखत सचालित कार्यक्रमको अनुगमन निरिक्षक गरि सम्झौता मुताविक कार्य भए नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

७ दोस्रो पक्षले कार्यक्रम संचालन स्थालमा सबैले देखिने गरी अनिवार्य रुपले कार्यक्रमको नाम ,ठेगाना तथा सहयोगि निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ बोर्ड सबैले देख्ने गरी राख्नेछ ।

८ कार्यक्रम संचालनका दौरानमा कुनै वा सम्पन भए पश्चात संचालन मर्मत सँभार व्यवस्थापन जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुने छ ।

९ दोस्रो पक्षले नियमित रुपमा –कम्तिमा चौमासिक अवधिमा कार्यक्रमको प्रगति उपल्ब्धी एव कारोवार सम्वन्धी विवरण प्रथम पक्षलाइ अनिवार्य रुपमा उपलव्ध गराउनु पर्नेछ ।

१० कार्यक्रम संचालनका दौरान कुनै पनि कुरामा हेरफेर वा परिमार्जित गर्न परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

११ सम्झौता उल्लेखित हनु छुटेका विषयहरुको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हनेछ

१२ द्धिपक्षिय सम्झौता मुताविकको काम नभइ रकम दुरुपयोग हुन सक्ने देखिएमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्घ गर्ने र हिनामिना भए वरावरको रकम दोस्रो पक्षवाट सरकार वाँकी सरह असुल प्रक्रिया अगाडी वढाउन सक्नेछन ।

१३ दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्विकृत प्रस्ताव पत्र मुताविकको डिजाइन,इष्टमेट र दरभाउ,मेशिनरी,उपकरण र अन्य सामानहरु खरिद गर्ने पुर्व प्रथम पक्षसँग स्विकृत गराएइ सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारण समय भित्र सम्पन्न गर्नेछ । यसो नगरको खन्डमा प्रथम पक्ष रकम भुक्तानी  दिन वाध्य हुने छैन ।

१४ प्रथम पक्ष र दोस्रो पक्ष विच सम्झौताको लागत अनुमानमा देहायका खर्चका स्रोतहरु रहनेछन ।

(क) प्रथम पक्षले व्यहोर्ने लागत रु ................................

(ख) दोस्रो पक्षले व्यहोर्ने लागत रु ................................

(ग) अन्य श्रोत वाट प्राप्त लागत रु ..............................

(घ) कन्टेन्जेन्सी रकम रु ..................(यो रकम विशेषज्ञको परामर्श सेवा,मर्मत,सँभार र सनिर्माणकायको सुपरिभिजन प्राविधि सेवा हेरालु कार्यमा खर्च गर्न सकिनेछ ।

(ङ) प्रस्तावनाको कुल लागत रु ............................

प्रथम पक्ष दोस्रोपक्षदस्तखत दस्तखत

नाम नामः

पद पदः

मिति मितिः

कार्यालयको छाप संस्थाको छापः

रोहवर

दस्तखत ...............

नाम..............

पद...............

मिति ................

मितिः२०................।.................महिना........................गते

आज्ञाले,

दिलाराज भट्ट

प्रमुख प्रशासकीय अधिकृत